# कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड -२०८१

कृषि तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा संलग्न कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित तथा थप व्यवसायिक बनाउन लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तरगतका निकायहरुद्वारा संचालन गरिने **कृषक सम्मान कार्यक्रम** कार्यान्वयन गर्न " कृषि तथा पशुपन्छी कार्यक्रम संचालन कार्यविधि - २०८१" बमोजिम कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड - २०८१ तयार पारिएको छ।

## खण्ड १

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त कार्यान्वयनमा आउने छ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) मन्त्रालय भन्नाले लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

ख) निर्देशनालय भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

ग) कार्यालय भन्नाले लुम्बिनी प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतका जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, मत्स्य विकास केन्द्र र कुखुरा विकास फार्म सम्झनु पर्छ।

घ) कृषक भन्नाले कृषि पेशामा आवद्ध व्यवसायिक रुपमा पशुपन्छी, माछा, तथा घाँस खेती लगायतका कृषि व्यवसाय गर्ने कृषि उद्यमी र निजी फार्म समेतलाई सम्झनु पर्छ।

ङ) कृषक सम्मान कार्यक्रम भन्नाले लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तरगतका निकायहरुबाट कृषकहरुलाई प्रदान गरिने पुरस्कार/ कृषक सम्मान कार्यक्रमलाई सम्झनु पर्दछ।

च) यस मापदण्डमा प्रयोग भएको उत्कृष्ट शब्दले सर्वोत्कृष्ट समेतलाई जनाउँछ।

निर्देशक

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# खण्ड २

## कार्यक्रम संचालन प्रकृया

**३. कृषक सम्मान कार्यक्रमः** कृषक सम्मान कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ।

१) कार्यालयहरुले संचालन गर्ने सेवा अन्तरगतका फरक फरक विधाहरुका कम्तीमा २ जना महिला /२ जना पुरुष गरी जम्मा ४ जना कृषकहरुलाई तोकिएको मापदण्ड पुरा गरेका उत्कृष्ट कृषकहरु छनौट गरिने छन्।

२) उपदफा १ बमोजिम छनौट भएका उत्कृष्ट कृषकहरु मध्येबाट उच्च अंकमान प्राप्त गर्ने १ जना कृषकलाई जिल्लाको सर्वोत्कृष्ट कृषकको रुपमा सम्मान एवम् पुरस्कृत गरिने छ।

३) बाँकी रहेका ३ जना फरक फरक विधाका उत्कृष्ट कृषकहरुलाई उत्कृष्ट कृषकको रुपमा सम्मान एवम् पुरस्कृत गरिनेछ।

४) उपदफा १ बमोजिम उत्कृष्ट कृषक छनौट गर्दा यस्तै प्रकृतिको पुरस्कारबाट एक पटक पनि पुरस्कृत नभएको कृषकलाई प्राथमिकता दिइने छ।पुरस्कृत भएको कृषकलाई यस्तो प्रकृतिको पुरस्कारमा कम्तिमा ३ वर्षसम्म समावेश गर्न पाईने छैन।

**४. सूचना प्रकाशनः** जिल्ला स्थित कार्यालयहरुले कृषक सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक उत्कृष्ट कृषकहरुलाई छनौटका आधारहरु सहित दरखास्त/आवेदन आब्हानका लागि सूचना प्रकाशन गरी देहाय अनुसार आवेदन संकलन गर्नेछन।

१) कृषक सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुका लागि कार्यालयले १५ दिने म्याद सहितको अनुसूची १ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आब्हान गर्नु पर्दछ।यस्तो सूचना आब्हान गर्दा सम्भव भए सम्म सबै कृषकको पहुँच पुग्ने माध्यमबाट प्रकाशन प्रसारण गर्नु पर्नेछ।

२) कार्यक्रम सहभागी हुन कृषकहरुले कार्यालयले तोकेको अनुसूची २ र अनुसूची ३ बमोजिमको ढाँचामा विवरण स्पष्टसँग भरी आवेदन पेश गर्नु पर्नेछ।

**५.आवेदन मूल्याङ्कन तथा छनौटः** १) उत्कृष्ट कृषकहरुबाट पेश भएका आवेदन अनुसूची ४ अनुसारको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्ने कार्य उपदफा २ बमोजिमको मूल्याङ्कन समितले गर्नेछ।

निर्देशक

२) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समिति देहाय बमोजिम हुनेछ।

प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय -संयोजक
संयोजकले तोकेको १ जना अधिकृत/प्राविधिक सदस्य
पशु विकास तथा प्रविधि प्रसार शाखा प्रमुख/ प्राविधिक सदस्य- सचिव

२) समितिले सम्बन्धित निर्देशनालयबाट एक जना प्राविधिक अधिकृतलाई आमन्त्रण गर्न सक्नेछ।

३) समितिले आफ्नो काम कारवाहीमा सहजता ल्याउन समितिका सदस्य मध्येबाट १ जनाको संयोजनकत्वमा उप समिति गठन गर्न सक्ने छ।

**६. उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकारः** उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) प्राप्त आवेदनहरुको स्थलगत अध्ययन अवलोकनद्वारा प्राविधिक र आर्थिक पक्षको विश्लेषण गर्ने।

२) गठित उप समितिलाई उत्कृष्ट कृषक छनौट गर्ने प्राधिकार बाहेकका अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ।

३) समितिले समग्र विषय वस्तुको अध्ययन एवम् विश्लेषण गरी उपयुक्त आवेदनहरुको योग्यताक्रम सूची तयार गरी अन्तिम सूची प्रकाशन गर्नेछ।

**७. सर्बोत्कृष्ट, उत्कृष्ट कृषक घोषणा एवम् सम्मान तथा पुरस्कार वितरणः**

१) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको प्रतिवेदनको आधारमा कार्यालयहरुले फरक फरक विधाका एक जना सर्वोत्कृष्ट तथा ३ जना उत्कृष्ट कृषकको घोषणा गर्नेछ। साथै सम्मान एवम् पुरस्कार वितरण कार्यक्रमको आयोजना गरी नगद र प्रमाण प्रत्र सहित सम्मान गरिनेछ।

२) उपदफा १ बमोजिम सम्मानित हुने उत्कृष्ट कृषकलाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ।

३) उपदफा १ बमोजिम सम्मानित हुने कृषकहरुको विवरण निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

**८. अनुगमन मूल्याङ्कनः** उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन क्रममा तथा कार्यक्रमको प्रभावकारिता अध्ययनका लागि मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई कुनै पनि बखतमा अनुगमन गर्न सक्नेछ।

निर्देशक

## खण्ड ३

## विविध

९. पुरस्कार तथा कार्वाहीको व्यवस्थाः झुटा विवरण पेश गरी पुरस्कार एवम् सम्मान प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

१०. अमान्य हुनेः यस मापदण्डमा भएका व्यवस्था विषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

११. वाधा अड्काउ

१) यस मापदण्डमा उल्लिखित विषयबस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सोको व्याख्या निर्देशनालयले गरे वमोजिम हुनेछ।

२) यस मापदण्डलाई आवश्यकता अनुसार मन्त्रालयको निर्देशनमा निर्देशनालयहरुले संशोधन तथा परिमार्जन गर्न सक्ने छन।

३) मापदण्ड कार्यान्वय गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

निर्देशक

लुम्बिनी प्रदेश सरकार
भूमि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल

# अनुसूची -१

## उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागी हुने आवेदन आब्हानको सूचना

भेटेरिनरी अस्पताल पशु सेवा विज्ञ केन्द्र, ............को आ ब .............स्वीकृत वार्षिक कार्यक्रम अनुसार कषि पेशामा आवद्ध कृषक निजी व्यवसायीहरुलाई सम्मान पुरस्कृत गर्न कृषक सम्मान कार्यक्रम रहेको हुँदा ............. जिल्ला भित्रमा इच्छुक कृषक व्यवसायीबाट आवेदन आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र विज्ञ केन्द्र/कार्यालय ................ तपसिल अनुसारका कागजात संलग्न गरी आवेदन पेश गर्नुहुन अनुरोध छ।थप जानकारीको लागि विज्ञ केन्द्र/कार्यालयको फोन नं ....................... मा सम्पर्क गर्न सकिनेछ।

आवश्यक कागजातहरु

१. सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण प्रत्र।
२. सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र
३. स्थायी लेखा नं प्रमाण पत्र
४. गत आ ब सम्मको करचुक्ता प्रमाणपत्र
५. नेपाली नागरिकताको प्रमाण पत्र
६. निर्देशनालय/ कार्यालयले तोकेको अन्य कागजातहरु

निर्देशक

## अनुसूची २

## निवेदन ढाँचा

मिति

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

श्रीमान् प्रमुख ज्यू

.........................

महोदय

मिति .............................. तहाँ विज्ञ केन्द्र/कार्यालयको सार्वजनिक सूचना अनुसारको कार्यक्रममा सहभागी हुन म कृषक/ व्यवसायी ................................................. ले रु १० को टिकट टाँस गरी अनुसची ३ अनुसारको फारम भरी यो आवेदन पेश गरेको छु।

निवेदक

नाम थर

ठेगाना

फार्मको नाम

सम्पर्क नं

मिति

फार्मको छाप

निर्देशक

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल

# अनुसूची ३

## कृषकले निवेदन सँगै पेश गर्नु पर्ने व्यवसायिक विवरण फारमको नमुना

1. कृषकको नामः
2. ठेगाना
3. सम्पर्क नं.
4. पूर्वाधार विवरण

| क सं | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | आफ्नै स्वामित्वमा रहेको कुल जग्गाको क्षेत्रफल | | |
| २ | कुल खेती गरिएको क्षेत्रफल | | |
| ३ | पशुपालनका लागि प्रयोग गरिएको जग्गाको क्षेत्रफल घाँस खेती समेत | | |
| ४ | सिंचित क्षेत्रफल | | |
| ५ | सिचाईको स्रोत | | |
| | ...... | | |
| | ....... | | |
| | .......... | | |
| | पशुपालनमा प्रयोग भएका यन्त्र उपकरणहरुको विवरण | | |

५. उत्पादन विवरणः

| क सं | विवरण | इकाई | परिमाण | उत्पादन(के.जी/ लिटर मे.टन/ गोटा) |
|---|---|---|---|---|
| १ | उन्नत गाई | | | |
| २ | वर्णशंकर गाई | | | |
| ३ | स्थानीय गाई | | | |
| ४ | उन्नत भैसी | | | |
| ५ | वर्णशंकर भैसी | | | |
| ५.१ | स्थानीय भैसी | | | |

निर्देशक

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल

| | | | | |
|---|---|---|---|---|
| ६ | बाख्रा | | | |
| ७ | भेडा | | | |
| ८ | व्यवसायिक लेयर्स | | | |
| ९ | व्यावसायिक ब्रोइलर | | | |
| १० | स्थानीय जातका कुखुरा | | | |
| ११ | नविनतम पंछी पालन | | | |
| १२ | मत्स्यपालन | | | |
| १३ | घाँस खेती | | | |
| १४ | वंगुरपालन | | | |

६.रोजगारी सृजना विवरण

| क्र सं | कामको किसिम | संख्या | स्वरोजगार | वाह्य कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | वर्णशंकर गाई | | | |
| ३ | स्थानीय गाई | | | |
| ४ | उन्नत भैसी | | | |
| ५ | वर्णशंकर भैसी | | | |
| | स्थानीय भैसी | | | |
| | बाख्रा | | | |
| | ......भेडा.... | | | |
| | व्यवसायिक लेयर्स | | | |
| | व्यवसायिक ब्रोइलर | | | |
| | स्थानीय जातका कुखुरा | | | |
| | नविनतम पंछी पालन | | | |
| | मत्स्यपालन | | | |
| | वंगुरपालन | | | |
| | .......... | | | |

७. वार्षिक आयको अवस्था

| क्र.सं. | आयको किसिम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बालीवस्तुको विक्रीबाट | | |
| | पशुपन्छीपालनबाट | | |
| | मत्स्यपालन व्यवसायबाट | | |

निर्देशक

| | | | |
|---|---|---|---|
| | पशुजन्य पदार्थको बजारीकरणबाट | | |
| | घाँस खेती | | |
| | अन्य | | |
| | | | |
| | जम्मा आय | | |

८. कृषकको ज्ञानको अवस्थाः

| क्र.सं | ज्ञानको किसिम | अवस्था |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/ नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग(भएको/ नभएको) | |
| ३ | प्रविधि विस्तारमा योगदान(भएको/ नभएको) | |
| ४ | भकारो एवम् गोठ सुधार (गरेको/ नगरेको) | |
| ५ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/ नगरेको) | |
| ६ | कुनै किसिमको पुरस्कार प्राप्त (गरेको/ नगरेको) | |
| ७ | नविन प्रविधिको विकास (गरेको/ नगरेको) | |
| ८ | पशुपालन व्यवसायमा नयाँ प्रविधिको प्रयोग(गरेको/ नगरेको) | |
| ९ | विमा गरेको/नगरेको | |
| १० | संक्रामक रोग विरुद्ध नियमित खोप लगाएको/ नलगाएको | |
| ११ | जैविक सुरक्षाको प्रबन्ध गरेको/ नगरेको | |
| १२ | रोजगारी श्रृजना गरेको/ नगरेको | |

## अनुसूची ४

## उष्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड

| क्र.स. | बाली/वस्तु | क्षेत्रफल/ संख्या( न्यनतम) | | कैफियत |
|---|---|---|---|---|
| | | तराई | पहाड | |
| १ | गाई भैसी | १० उन्नत माउ | ५ उन्नत माउ | |
| | | | | |
| २ | भेडा बाखा | ५० माउ | ५० माउ | |
| | बंगुर | २५ माउ | १० माउ | |

निर्देशक

| | | | | |
|---|---|---|---|---|
| | कुखुरा (लेयर्स) | ३००० | १००० | |
| | हाँस/ अन्य | ५०० | २५० | |
| | घाँस खेती | १ हेक्टर | ०.५ हेक्टर | |
| | मत्स्य पालन | १ हेक्टर | ५ रोपनी | |

## अनुसूची ५ "क"

## उष्कृष्ट कृषक सम्मान कार्यक्रमका लागि कृषकले पेश गरेको विवरण तथा स्थलगत अनुगमनको मूल्याङ्कनका आधारहरुः पूर्णाङ्क २०

| क.स. | बाली/वस्तु | | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | गाई भैसी | | | |
| | तराई | पहाड | | |
| | ३० भन्दा बढी उन्नत माउ | २० भन्दा बढी उन्नत माउ | २० | |
| | २०-३० उन्नत माउ | १०-२० उन्नत माउ | १० | |
| | १०-२० उन्नत माउ | ५-१० उन्नत माउ | ५ | |
| २ | भेडा बाखा | | २० | |
| | तराई | पहाड | | |
| | ७० भन्दा बढी माउ | ७० भन्दा बढी माउ | २० | |
| | ६०-७० माउ | ७०-६० माउ | १० | |
| | ५०-६० माउ | ६०-५० माउ | ५ | |
| ३ | बंगुर | | | |
| | तराई | पहाड | | |
| | ५० भन्दा बढी माउ | ३५ भन्दा बढी माउ | २० | |
| | २५-५० माउ | १५-३५ माउ | १० | |
| | २५ माउ | १५ माउ | ५ | |
| ४ | लेयर्स | | | |
| | तराई | पहाड | | |
| | ५००० हजार भन्दा बढी | ३००० हजार भन्दा बढी | २० | |
| | ३०००-५००० | १०००-३००० | १० | |
| | ३००० | १००० | ५ | |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४ | ब्रोइलर | | | |
| | तराई | पहाड | | |
| | ५००० हजार भन्दा बढी | ३००० हजार भन्दा बढी | २० | |
| | ३०००-५००० | १०००-३००० | १० | |
| | ३००० | १००० | ५ | |
| ५ | हाँस/ अन्य | | | |
| | तराई | पहाड | | |
| | ५०० भन्दा बढी | ५०० भन्दा बढी | २० | |
| | २५०-५०० | २५०-५०० | १० | |
| | २५० | २५० | ५ | |
| ६ | घाँस खेती | | | |
| | तराई | पहाड | | |
| | २ हेक्टर माथि | १ हेक्टर माथि | २० | |
| | १-२ हेक्टर | ०.७५-१ हेक्टर | १० | |
| | १ हेक्टर | ०.५ हेक्टर | ५ | |
| ७ | मत्स्य पालन | | | |
| | तराई | पहाड | | |
| | २ हेक्टर माथि | १ हेक्टर माथि | २० | |
| | २ हेक्टर | १५ रोपनी –१ हेक्टर | १० | |
| | १-२ हेक्टर | ५ रोपनी – १५ रोपनी | ५ | |

द्रष्टव्य: स्थलगत अनुगमनबाट प्रदान गरिने अंकभारलाई मापदण्ड खुलाई प्रष्टाउनु पर्नेछ

निर्देशक

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल

## अनुसूची ५ "ख"

## उष्कृष्ट कृषक सम्मान कार्यक्रमका लागि कृषकले पेश गरेको विवरण तथा स्थलगत अनुगमनको मूल्याङ्कनका आधारहरुः पूर्णाङ्क ८०

| | | | |
|---|---|---|---|
| १ | स्रोत साधन सदुपयोगको स्थिति | ५ | |
| २ | स्थानीय समुदायमा कार्यअनुभवको आदान प्रदानको योगदान | ५ | |
| ३ | उत्पादन आम्दानी उत्पादकत्व अवस्था | १० | |
| ४ | रोजगारी सृजनाको अवस्था | १० | |
| ५ | व्यावसायिक दिगोपना | १० | |
| ६ | सम्वन्धित निकायसँगको समन्वय र पहुँच | ५ | |
| ७ | आर्थिक लगानीको अवस्था | ५ | |
| ८ | प्राविधिक ज्ञान सीपको प्रयोग र विस्तारको अभिरुचि | ५ | |
| ९ | नविनतम कार्य | ५ | |
| १० | स्थलगत अनुगमन | २० | |